प्रभु येशू ख्रीष्ट यो संसारमा फेरि चाँडै फर्केर आउँदै हुनुहुन्छ। 2000 वर्ष अघाडि यस पृथ्वीमा हुनुहुँदा नै उहाँले यस कुराको प्रतिज्ञा गर्नुभएको थियो। ( युहन्ना 14:13) हामी कसरी निश्चिन्त भएर यो कुरो भन्न सक्छौं कि उहाँ फर्केर आउनुहुनेछ? कृपया प्रभु येशू स्वयंले गर्नुभएको भविष्यवाणी (भविष्यमा के हुन्छ भनी भन्नु भएको कुरा) अन्तिम दिनहरूमा के हुनआउनेछ, भन्ने कुरो पढ्नुहोस। धर्मशास्त्रमा लेखिएका यी वचनहरूलाई ध्यानपूर्वक पढेर हेर्दा अनि अहिले घडी घटिरहेका विभिन्न घटनाहरूलाई हेर्दा यसले के प्रमाण दिन्छ भने हाम्रै जीवनको यो समयकालमा नै प्रभु येशू फर्केर आउनुहुनेछ।

## 1 मन्दिरको सर्वनाश:

त्यसपछि येशू मन्दिरबाट निस्केर जान लाग्नुहुँदा उहाँका चेलाहरू उहाँलाई मन्दिरका भवनहरू देखाउन भनी उहाँको नजीक आए र एक जनाले भने," हेर्नुहोस गुरूज्यू , कति ठूला ठूला ढुंगाहरू र कति भव्य भवनहरू । तर उहाँले तिनीहरूलाई भन्नुभयो, " तिमीहरूले यी सब देख्छौ होइन त ? साँच्चै म तिमीहरूलाई भन्छु, एउटा ढुंगामाथि अर्को ढुंगा रहनेछैन, प्रत्येक भत्काएर फालिनेछ।" (मत्ती 24:1, 2, मर्कूस 13:1-2, लुका 21:5 -6)

**यो कुरो वास्तवमा नै 70 सालमा पूरा हुन आयो।**

## 2 आगमनको चिन्ह:

अनि उहाँ मन्दिरको सामुन्ने जैतून डाँडामा बस्नुहुँदा पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासले उहाँलाई गुप्तमा सोधे, " हामीलाई भन्नुहोस, यी घटनाहरू कहिले हुनेछन्? र यी सब कुराहरू पूरा हुनका निम्ति के चिन्ह हुनेछ?" ( मत्ती 24: 3, मर्कूस 13:3- 4, लुका 21:7)

## 3 धोका दिनेहरू निस्कनेछन् :

येशूले तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, " होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस, धेरै जना मेरो नाउँमा म उही नै हुँ भन्दै आउनेछन्, र तिनीहरूले धेरैलाई भ्रममा पार्नेछन्। तिमीहरू तिनीहरूका पछि नलाग। ( मत्ती 24:4- 5, मर्कूस 13:5 -6, लुका 21: 8)

## 4 लडाई अनि लडाईका हल्लाहरू:

तिमीहरूले युद्ध अनि युद्धहरूका हल्ला सुन्नेछौ, नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त तेतिनै बेला हुँदैन। (मत्ती 24:6, मर्कूस 13:7, लुका 21:9)

## 5 साम्प्रदायिक दंगा। भुइँचालो। अनिकाल। रोग र बिमारहरू:

अनि उहाँले तिनीहरूलाई भन्नुभयो, किनभने जातिको विरूद्धमा जाति र राज्यको विरूद्धमा राज्य खडा हुनेछ, ठाउँ ठाउँमा डरलाग्दा भुइँचालोहरू जानेछन्, विभिन्न ठाउँहरूमा अनिकाल र महामारी हुनेछन्, भयंकर आतंक हुनेछन्, अनि आकाशबाट ठूला ठूला चिन्हहरू हुनेछन्। (मत्ती 24:7, मर्कूस 13:8, लुका 21:10, 11)

## 6

यी सबै त कष्टको शुरूआत मात्र हुन्। (मत्ती 24:8, मर्कूस 13:8)

## 7 इसाई विश्वासीहरूलाई सतावट:

तिमीहरू आफ्ना विषयमा होशियार रहो,यी सबै कुरा हुन अघि तिनीहरूले तिमीहरूलाई पक्रनेछन्, र सताउनेछन्, र तिमीहरूलाई सभाघरहरूमा सुम्पिदिनेछन् र झ्यालखानामा हालिदिनेछन्। तिमीहरूलाई मेरो नाउँको खातिर राजाहरू र हाकिमहरूका सामुन्ने पुऱ्याउनेछन्। तर तिमीहरूका लागि यो एउटा गवाही दिने अवसर हुनेछ। (मत्ती 24:9, मर्कूस 13:9,लुका 21:10- 11)

## 8

जब मानिसहरूले तिमीहरूलाई पक्री लगेर मुददा चलाउँछन्, तब के बोलौं भनी अघिबाटै फिकी नगर। तर त्यसै बेला जे तिमीहरूलाई दिइन्छ, त्यही बोल किनकि बोल्ने तिमीहरू होइनौ, तर पवित्र आत्मा हुनुहुनेछ। किनभने म तिमीहरूलाई यस्तो बोल्ने मुख र बुद्धि दिनेछु, कि तिमीहरूका विरोधीहरूले प्रत्युत्तर दिन सक्नेछैनन्। अनि खण्डन पनि गर्न सक्ने छैनन्। (मर्कूस 13:11,लुका 21:14-15)

## 9 परिवारभित्रै बाट धोका:

अनि धेरै जना क्रोधित हुनेछन्। एउटा भाइले अर्का भाइलाई मृत्युको लागि सुम्पनेछ, र त्यसैगरी बाबुले छोरालाई।छोराछोरीहरू आमाबाबुहरूका विरूद्धमा खडा हुनेछन् र तिनीहरूलाई मार्न लाउनेछन्। अनि मेरो नाउँको खातिर तिमीहरू सबैबाट घृणित हुनेछौ, तर तिमीहरूका शिरको एउटा केश पनि नष्ट हुनेछैन। तिमीहरूको धैर्यद्वारा तिमीहरूले आफ्नो प्राण प्राप्त गर्नेछौ। (मत्ती 24:9-10, मर्कूस 13:12- 13,लुका 21 :16 -19)

## 10 प्रेम सेलाएर जान्छ:

दुष्टता बढेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ, तर आखिरसम्म स्थिर रहने चाहिँ बचाइनेछ। (मत्ती 24: 12- 13)

## 11

अनि यो राज्यको सुसमाचार सारा संसारमा सबै जातिहरूकालागि गवाहीको निम्ति प्रचार गरिनेछ, **अनि त्यसपछि** अन्त्य आउनेछ। (मत्ती 24:14, मर्कूस 13:10)

## 12 यरूशलेमको पवित्रस्थानमा बिनाशकारी घृणित बस्तु:

तर जब यरूशलेमलाई सेनाहरूले घेरेको देख्छौ, तब त्यसको विनाश नजीकै आइपुगेको छ भन्ने जान। (लुका 21:20) यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको बिनाशकारी घृणित थोक पवित्रस्थानमा खडा भएको देखौला (पढ्नेले बुझोस) तब यहुदियामा हुनेहरू पहाडहरूतिर भागून्। शहरभित्र हुनेहरू बाहिर भागी जाउन् ,र बाहिर गाउँमा हुनेहरू शहरभित्र नपसुन्।घरको कौसीमा हुने आफ्नो मालमत्ता लिन तल नझरोस्। खेतबारीमा हुने आफ्नो खाष्टो लिन फर्की नआउन्। (मत्ती 24:15-18, मर्कूस 13:14-16, लुका 17:31,21:21) तर ती दिनहरूमा हाय! गर्भवती र दुध खुवाउनेहरूलाई, तर हिउँदमा कि शबाथमा तिमीहरू भाग्न नपरोस भनीकन प्रार्थना गर। (मत्ती 24:19:20, मर्कूस 13:17-18,लुका 21:23)तिनीहरू तरवारले मारिनेछन्, र राष्ट्रहरूमा कैदी बनाएर लगिनेछन्। अनि अन्यजातिहरूको समय पूरा नभएसम्म तिनीहरूले यरूशलेमलाई खुट्टामुनि कुल्चेर राख्नेछन्। (लुका 21 :24)

## 13 याकुबको समस्याको समय: (यर्मिया 30:6-7)

किनकि त्यसबेला यस्तो महासंकष्ट हुनेछ, जो जगतको शुरूदेखि अहिलेसम्म भएको छैन, नता फेरि कहिल्यै हुनेछ। यदि परमेश्वरले ती दिनहरू नघटाइदिनुभएको भए ता कुनै मानिस बाँच्ने थिएन, तर उहाँले चुन्नुभएकाहरूको खातिर ती दिन घटाउनुभएको छ। (मत्ती 24 :21-22,मर्कूस 13:19-20, लुका 21:23)किनभने लेखिएका कुराहरू सबै पूरा हुनलाई यी प्रतिशोधका दिन हुनेछन्। (लुका 21:22)

## 14 झुटा ख्रीष्ट अनि झुटा अगमवक्ताहरू:

तब तिमीहरूलाई कसैले हेर ख्रीष्ट यहाँ छन् कि त्यहाँ छन् भन्यो भने विश्वास नगर। किनकि झुटा ख्रीष्टहरू र झुटा अगमवक्ताहरू खडा हुनेछन् र हुनसके चुनिएकाहरूलाई पनि भडकाउनलाई ठूला ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्। याद राख, मैले तिमीहरूलाई अघिबाटै भनिदिएको छु। (मत्ती 24:23-24, मर्कूस 13:21-23)यदि उनीहरूले तिमीहरूलाई " हेर उनी उजाडस्थानमा छन्, भनी भन्छन् भने बाहिर निस्केर नजाओ, अनि हेर उनी भित्री कोठाहरूमा छन् भनेपनि विश्वास नगर। किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन पनि हुनेछ । (मत्ती 24:26-27,लुका 17:23-24)

## 15 स्वर्गमा चिन्हहरू:

ती संकष्टका दिनको तुरन्तै पछि सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, र ताराहरू आकाशबाट खस्नेछन् र आकाशका शक्तिहरू हल्लाइनेछन्। (मत्ती 24:29, मर्कूस 13:24-25, लुका 21:25)सूर्य चन्द्र र ताराहरूमा चिन्ह देखा पर्नेछन्, र समुद्रको गर्जन र छालहरूले पृथ्वीका राष्ट्रहरू संकटमा परी व्याकुल हुनेछन्। संसारमा हुनआउने घटनाहरूको आशंकाले मानिसहरू मूर्च्छा पर्नेछन् किनकि आकाशका शक्तिहरू डगमगाउनेछन्। (लुका 21:25-26)

## 16

तब मानिसको पुत्र चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्। उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवजको साथ पठाउनेछ र तिनीहरूले आकाशको एक छेउ देखि अर्को छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन्। (मत्ती 24:30- 31, मर्कूस 13:26-27,लुका21:27)



17 जब यी कुरा हुन थाल्दछन, तव खडा होओ र आफ्नो शिर माथि उठाओ किनभने तिमीहरूको उद्धार नजीकै आइरहेछ|(लुका 21:28)

18 अनि उहाँले भन्नुभयो, तर अञ्जीरको रूखबाट एउटा शिक्षा लेओ, जब त्यसका हाँगा कलिला हुन्छन् र रूखले पालुवा फेर्छ, तब ग्रीष्म ऋतु आएछ भनी तिमीहरूले थाहा पाउँछौं| **त्यसरी नै तिमीहरूले पनि जब यी सबै कुरा भएको देख्नेछौ तब परमेश्वरको राज्य नजिक नै छ भनी जान** | ढोका मै छ भनी जान |(मत्ती 24:32-33,मर्कूस 13:28-29,लुका 21:29-31) तर त्यस दिन र घडीको विषयमा पिता वाहेक कसैले जान्दैन,नता स्वर्गका दूतहरूले न पुत्रले केवल पिताले मात्र|(मत्ती24:36, मर्कूस 13:32)

19 मानिसको पुत्रको आगमन नोआको दिनहरू जस्तै हुनेछ ,किनकि जसरी जलप्रलय भन्दा अगाडि नोआ जहाजभित्र पस्ने दिन सम्म मानिसहरू खाइरहेका, पिइरहेका र विवाहवारी गरिरहेका थिए, अनि जल प्रलय आएर तिनीहरू सबैलाई स्वात्तै वगाइ नलगेसम्म तिनीहरूले थाहा पाएनन, मानिसको पुत्रको आगमन पनि त्यस्तै हुनेछ|(मत्ती 24:37-39,लुका 17:26-27)

20 लोतको दिनमा पनि त्यस्तै भएको थियो, मानिसहरू खाँदै थिए, पिउँदै थिए,किनबेच गर्दैथिए,रोप्दैथिए, वनाउँदैथिए तर जुन दिन लोत सदोमबाट निस्के, आकाशबाट आगो र गन्धक वर्सेर तिनीहरू सबैलाई नष्ट पारयो | मानिसको पुत्र प्रकट हुने दिनमा पनि यस्तै हुनेछ|(लुका 17:28-30)

21 लोतकी स्वास्नीलाई याद गर, जसले आफ्नो प्राण बचाउन खोज्दछ त्यसले सो गुमाउनेछ र जसले आफ्नो प्राण गुमाउनेछ त्यसले सो सुरक्षित राख्नेछ| (लुका 17:32-33)

Angel TV HD
एन्जल टेलिभिजन हेर्नुहोस |
www.angeltv.org

22 म तिमीहरूलाई भन्दछु, त्यस रात दुइजना एउटै ओछ्यानमा हुनेछन, एउटा लगिनेछ अर्को छोडिनेछ दुइजना स्त्री जाँतो पिँधिरहेका हुनेछन् एउटी लगिनेछे अर्को छोडिन्छे | त्यसवेला दुइजना खेतवारीमा हुनेछन, एकजना लगिनेछ अर्को छोडिनेछ| (मत्ती 24: 40-41, लुका 17:34-36) अनि तिनीहरूले उहाँलाई सोधे "कहाँ प्रभु? उहाँले तिनीहरूलाई भन्नुभयो," जहाँ सिनु छ, गिद्धहरू त्यहाँ जम्मा हुन्छन् |(मत्ती 24:28,लुका 17:37)

23 **जागा बस र प्रार्थनामा लागीरहो :**
यो त मालिकले आफ्ना चाकरहरूलाई घरको प्रत्येक काम र दायित्वको जिम्मा दिएर र पालेलाई जागा रहनू भनी आज्ञा दिएर परदेश लागेको जस्तो हो| यसकारण तिमीहरू पनि जागा रहो, किनकि घरको मालिक वेलुकी कि आधा रातमा कि भाले वास्दा कि विहान कहिले आउने हो सो तिमीहरू जान्दैनौ | नत्रता ऊ अचानक आउँदा उसले तिमीहरूलाई निदाइरहेको भेट्टाउला |(मर्कूस 13:34-36)

24 तर यो जान कि घरको मालिकले चोर रातको कुन पहरमा आउँछ भनी जानेको भए ऊ जागो रहनेथियो | र आफ्नो घर फोर्न दिने थिएन | यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएको वेलामा आउनेछ | (मत्ती 24:43-44)

25 तर तिमीहरू आफ्नो विषयमा होशियार रहो,नत्रता भोग विलाश, मतवालीपन र जीवनको फिक्रीले तिमीहरूको मन व्याकुल होला | होशयार रहो, जागा बस र प्रार्थना गर किनकि त्यो वेला कहिले आउने हो, सो तिमीहरू जान्दैनौ | र तिमीहरूमाथि एक्कासि त्यो दिन पासो झैं आइपर्ला | (मर्कूस 13:33, लुका 21:34-35)

Local Contact Address

26 अनि म तिमीलाई जे भन्दछु, म सबैलाई यही नै भन्दछु कि तर आइपर्ने यी सबै कुराहरूबाट उम्कन र मानिसको पुत्रको सामुन्ने खडा हुन समर्थ हुनलाई सबै समय प्रार्थना गर्दै जागा रहो|(लुका 21:36)

27 साँच्चै म तिमीहरूलाई भन्दछु कि यी सबै पूरा नहोउञ्जेल यो पुस्ता वितिजानेछैन| स्वर्ग र पृथ्वी वितेर जानेछ तर मेरो वचन वितेर जानेछैनन् |(मत्ती 24:34-35, मर्कूस 13:30-31,लुका 21:32-33)

**महान राजा जो आफ्नो महिमीत सिंहासनमा बिराजमान हुनुहुन्छ - प्रभु येशू ख्रीष्ट आफ्नो पवित्र दूतगण र सन्तहरूको साथ लिएर, प्रचण्ड शक्ति र महिमामा चाँडै फर्केर आउँदै हुनुहुन्छ |**

**परमेश्वरको भय मान अनि उहाँलाई महिमा देओ| किनभने उहाँको इन्साफको घडी आएको छ | स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत गर |**

(प्रकाश 14:7)

**समयले अब अझ ढिलो गर्नेछैन !**

**स्वर्गको राज्य अब एकदमै नजिक आइपुगेको छ | पश्चताप गरेर यो सुसमाचारमा बिश्वास गर |**

**प्रभु आफ्नो परमेश्वरसित भेट गर्न तयार होऊ |**



# परमेश्वरको राज्यको सुसमाचार

नेपाली | NEPALI